# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, फागुन २२ गते, २०८० साल (अतिरिक्ताङ्क ३०

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/११/२२ को बैठकबाट **"प्रदेश जनस्वास्थ्य प्रयोगशाला निदानात्मक परीक्षण सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०"** स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## प्रदेश जनस्वास्थ्य प्रयोगशाला निदानात्मक परीक्षण सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०

<u>**प्रस्तावना**</u>: प्रदेशमा निदानात्मक परीक्षण सेवालाई सहज, सुलभ तथा समतामूलक रूपमा व्यवस्थित एवम् पारदर्शी बनाई प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान हुँदै आएका निदानात्मक परीक्षण सेवालाई थप विस्तार गर्दै त्यस्तो सेवालाई दिगो, गुणस्तरीय र प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस निर्देशिकाको नाम "प्रदेश जनस्वास्थ्य प्रयोगशाला निदानात्मक परीक्षण सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा**</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अस्पताल" भन्नाले प्रचलित कानुन बमोजिम सञ्चालन अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सरकारी अस्पताल, सरकारी बाहेकका अन्य अस्पताल वा स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ख) "चिकित्सक" भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ग) "नमुना" भन्नाले मानिसको जिवित वा मृत शरिर वा शरिरको कुनै अङ्ग, रगत, र्‍याल वा कुनै पदार्थ वा त्यस्तो पदार्थको समिश्रणवाट बनेको वा तयार भएको कुनै वस्तु सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले प्रदेशको स्वास्थ्य निर्देशनालय सम्झनु पर्छ।

(ङ) "निदानात्मक परीक्षण सेवा" भन्नाले रोगहरुको निदान गर्नका लागि जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने अनुसूची -१ बमोजिमका निदानात्मक परीक्षण सेवा सम्झनु पर्छ।

(च) "प्रदेश जनस्वास्थ्य प्रयोगशाला" भन्नाले प्रदेश सरकार अन्तर्गतको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला र सोबाट संचालित शाखा वा विस्तारित सेवा केन्द्र सम्झनु पर्दछ।

(छ) "प्रयोगशालाकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम प्रयोगशालाकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) “समिति” भन्नाले दफा १३ बमोजिमको परीक्षण सेवा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ञ) "सेवा शुल्क" भन्नाले निदानात्मक परीक्षण सेवा वापत जनस्वास्थ्य प्रयोगशालाले समय-समयमा तोकेको प्रयोगशाला शुल्क सम्झनु पर्छ।

(ट) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

३. **सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेः** (१) प्रयोगशालाले अनुसूची - १ बमोजिमका परीक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी सार्वजनिक सूचना राष्ट्रिय पत्रिका वा जनस्वास्थ्य प्रयोगशालाको वेभसाइटमा प्रकाशन गर्नु पर्नेछ र सो सूचनाको जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा परीक्षण सेवा प्राप्त गर्न आवश्यक पर्ने कुनै शर्त वा पूरा गर्नु पर्ने प्रक्रिया र परीक्षण सेवाका विवरण समेत स्पष्ट खुलेको हुनु पर्नेछ।

४. **परीक्षण सेवाको तयारीः** (१) जनस्वास्थ्य प्रयोगशालाले यस निर्देशिका बमोजिम परीक्षण सेवाको तयारीको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन, परीक्षणको लागि आवश्यक पर्ने औजार/उपकरण, आवश्यक औषधि, रिएजेण्ट वा अन्य पदार्थको तयारी गर्नुका साथै परीक्षणको लागि

आवश्यक पर्ने कुनै प्रोटोकल तथा मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

(२) प्रयोगशालाले उपदफा (१) बमोजिम परीक्षण तयारी गर्दा विश्व स्वास्थ्य सङ्गठन तथा नेपाल सरकारको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कुनै प्रोटोकल, मापदण्ड तथा कुनै प्रक्रिया निर्धारण गरेको भए त्यस्तो प्रोटोकल, मापदण्ड तथा प्रक्रिया यस निर्देशिका बमोजिम परीक्षण गर्दा समेत अवलम्वन गर्नु पर्नेछ।

५. **परीक्षण सेवाको प्रारम्भः** यस निर्देशिका बमोजिम परीक्षण सेवाको लागि आवश्यक तयारी भए पछि प्रयोगशालाले परीक्षण सेवा प्रारम्भ गर्नु पर्नेछ र कुनै परीक्षण सेवा कुनै निश्चित बार वा दिनमा हुने भएमा त्यस्ता परीक्षण हुने बार वा दिनमा मात्र हुने भनी आफ्नो वेभसाइटमा सुचना प्रकाशन गर्नु पर्नेछ।

६. **परीक्षण सेवा प्राप्त गर्ने प्रक्रियाः** (१) कुनै पनि व्यक्तिले चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिस वा प्रेस्क्रिप्सन बमोजिम वा आफै परिक्षण गराउनु पर्ने भएमा परिक्षण सेवा लिन सक्नेछ।

(२) प्रयोगशाला आफैले कुनै परीक्षण सेवाको लागि सिफारिस/प्रेस्क्रिप्सन गर्ने भएमा प्रयोगशालाले परीक्षण सेवाका लागि नमुना सङ्कलन गर्न सक्नेछ।

(३) कुनै अस्पताल वा अन्य निकायले यस निर्देशिका बमोजिम प्रयोगशालाबाट परीक्षण सेवा प्राप्त गर्नका लागि एक वा एकभन्दा बढी व्यक्तिको एकैपटक एक वा एकभन्दा बढी नमुना समूहगत रूपमा पेश गर्न सक्नेछ।

(४) प्रयोगशालाले उपदफा (१) वा (२) वा (३) बमोजिम पेश हुने वा सङ्कलन हुने नमुना विवरण सहित त्यस्तो व्यक्ति, अस्पताल वा निकायलाई भरपाई दिनु पर्नेछ।

७. **परीक्षण प्रतिवेदन दिनुपर्नेः** (१) यस निर्देशिका बमोजिम परीक्षण सेवाको लागि प्रयोगशालामा प्राप्त हुन आएका नमुनाको परीक्षणको कार्य तोकिएको समयमा सम्पन्न गरी त्यस्तो परीक्षण प्रतिवेदन सम्बन्धित व्यक्ति, अस्पताल तथा निकाय वा निजको आधिकारिक प्रतिनिधिलाई विल भरपाई एकीन गरी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षण प्रतिवेदन अन्तर्गत प्रयोगशालाबाट नमुना सङ्कलन भई परीक्षण भएका व्यक्तिको हकमा कुनै थप परीक्षण तथा उपचार सम्बन्धमा कुनै परामर्श आवश्यक पर्ने भएमा सम्बन्धित विषयमा योग्यता प्राप्त प्रयोगशालाको कर्मचारीले त्यस्तो थप परीक्षण तथा उपचारको लागि परामर्श तथा प्रेषण गर्न सक्नेछ।

(३) यस दफा बमोजिमको परीक्षण प्रतिवेदन यथासम्भव विद्युतीय सूचना प्रणालीमा आधारित बनाई सोही

प्रणालीमार्फत् सरोकारवाला व्यक्ति, अस्पताल वा निकायलाई पठाउनु पर्नेछ।

८. **सेवा शुल्क बुझाउनु पर्ने:** (१) यस निर्देशिका बमोजिम परीक्षण सेवा प्राप्त गर्ने व्यक्ति, अस्पताल वा निकायले त्यस्तो परीक्षण वापत तोकेको सेवा शुल्कको रकम प्रयोगशालाले तोकेको बैंकको बैंक खातामा दाखिला गरेको बैंक भौचर वा नगदै प्रयोगशालामा बुझाउनु पर्नेछ र त्यस्तो नगदै बुझाएको नगदी रसिद अनिवार्य रूपमा प्रयोगशालाले सम्बन्धित व्यक्ति, अस्पताल वा निकायलाई दिनु पर्नेछ।

तर नेपाल सरकार वा प्रदेश सरकारले परीक्षण सेवा निःशुल्क हुने भनी तोकेका परीक्षणको हकमा त्यस्ता परीक्षण सेवा निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रयोगशालामा नगदै बुझाउने सेवा शुल्कको रकमको रसिद कम्प्युटर सफ्टवेयर प्रणालीमा आधारित हुनु पर्नेछ।

(३) प्रयोगशालाले यस दफा बमोजिम सङ्कलन गरेको सेवा शुल्क वापतको नगद रकम प्रचलित कानुनले तोकेको अवधिभित्र बैंक खातामा जम्मा गर्नु पर्नेछ।

९. **कर्मचारीलाई विशेष सहुलियत हुने:** प्रदेश निजामती सेवा वा प्रदेशमा कामकाजको लागि खटिएका र अन्य स्वीकृत वा अस्थायी दरवन्दीमा रही प्रदेश सरकारका निकायमा कार्यरत कर्मचारीलाई यस निर्देशिका बमोजिम परीक्षण सेवा प्राप्त गर्दा

त्यस्तो तोकिएको सेवा शुल्कको पचास प्रतिशत सहुलियत हुनेछ।

तर नेपाल सरकार वा प्रदेश सरकारले कुनै परीक्षण सेवा निःशुल्क हुने भनी तोकेका परीक्षणको हकमा त्यस्ता परीक्षण सेवा निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

१०. **सेवा शुल्कको निर्धारणः** यस निर्देशिका बमोजिम प्रयोगशालामा परीक्षण सेवा प्राप्त गर्दा लाग्ने सेवा शुल्कको निर्धारण तथा दर प्रदेश सरकारले समय-समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

११. **प्रयोगशाला स्वास्थ्य बीमामा समाहित हुन सक्ने**ः नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रममा आवश्यक प्रक्रिया पुरा गरी प्रयोगशाला समाहित हुन सक्नेछ र समाहित भएमा प्रयोगशालाबाट प्रदान गरिने परीक्षण सेवा स्वास्थ्य बीमा कार्यक्रमले तोके बमोजिम हुनेछ।

१२. **निःशुल्क परीक्षण गर्न सक्नेः** कुनै विपद्, प्रकोप, महामारी तथा संक्रामक रोग फैलिएको वा कुनै पनि परिस्थिति सिर्जना भई कुनै परीक्षण सेवा निःशुल्क गर्नका लागि नेपाल सरकार वा प्रदेश सरकारले निर्णय सहित प्रयोगशालामा जानकारी पठाएमा त्यस्तो निर्णयका शर्त बमोजिम प्रयोगशालाले निःशुल्क परीक्षण सेवा उपलब्ध गराउनु पर्नेछ र त्यस्तो परीक्षण प्रतिवेदन तोकेको निकाय वा व्यक्तिलाई पठाउनु पर्नेछ।

१३. **परीक्षण सेवा व्यवस्थापन समिति**ः (१) प्रयोगशालाको परीक्षण सेवालाई प्रभावकारी बनाउन तथा प्रदेश सरकारलाई नीतिगत सुझाव प्रदान गर्न र परीक्षण सेवालाई आवश्यक सहजीकरणका गर्न प्रयोगशालामा देहायको एक परीक्षण सेवा व्यवस्थापन समिति रहनेछः-

(क) निर्देशक, प्रयोगशाला - संयोजक

(ख) प्रमुख, चिकित्सा सेवा तथा अनुगमन महाशाखा, मन्त्रालय - सदस्य

(ग) प्रमुख, चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा, निर्देशनालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र - सदस्य

(ङ) प्रमुख, आर्थिक प्रशासन, प्रदेश जनस्वास्थ्य प्रयोगशाला - सदस्य

(च) संयोजकले तोकेको प्रयोगशालाकर्मि -सदस्य

(छ) प्रयोगशालाकर्मि (अधिकृत), प्रदेश जनस्वास्थ्य प्रयोगशाला - सदस्य सचिव

(२) समितिले आवश्यकता र औचित्यताका आधारमा अन्य कर्मचारी, विशेषज्ञ व्यक्ति वा सम्बन्धित संघ सँस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा मनोनयन गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परीक्षण सेवा तथा व्यवस्थापन सम्बन्धमा नीतिगत तथा कानुनी व्यवस्था गर्न प्रदेश सरकार र मन्त्रालय समक्ष सुझाव पेश गर्ने,

(ख) प्रयोगशालाको परीक्षण सेवा यस निर्देशिका अनुसार भए नभएको यकिन गर्ने,

(ग) प्रयोगशालाको परीक्षण सेवा शुल्कको लागि समयानुकूल आवश्यक दर निर्धारण र हेरफेर गर्न आवश्यक भएमा मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्ने,

(घ) प्रदेशभित्र प्रयोगशालामा परीक्षणका लागि आवश्यक सामग्रीको प्रक्षेपण गरी माग र आपूर्तिको लागि एकीकृत तथ्याङ्कको आधारमा व्यवस्थापनका लागि सहजीकरण गर्ने,

(ङ) प्रयोगशालामा परीक्षण सेवाका लागि चाहिने आवश्यक सामग्री अभाव हुन नदिन अस्पतालसँग समन्वय कायम गर्ने,

(च) परीक्षण सेवाको कार्यमा प्रयोगशालालाई आवश्यक निर्देशन दिने,

(छ) परीक्षण सेवा सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठन तथा नेपाल सरकार, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले निर्धारण गरेका मापदण्ड तथा प्रोटोकल लागू गर्न निर्देशन दिने,

(ज) परीक्षण सेवाका सम्बन्धमा सरोकारवालाको कुनै गुनासो सुनावाईका लागि प्रयोगशालाले पेश गरेमा आवश्यक निर्णय गर्ने,

(झ) परीक्षण सेवाका रकम अभाव भएमा रकम मागको लागि प्रयोगशालामार्फत् मन्त्रालयमा सिफारिस गर्ने,

(ञ) प्रयोगशालाको परीक्षण सेवाको अनुगमन तथा निरीक्षण गर्ने गराउने,

(ट) परीक्षण सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ठ) परीक्षण सम्बन्धमा प्रदेश सरकार तथा मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

१५. **<u>प्रयोगशालाका काम, कर्तव्य र अधिकारः</u>** यस निर्देशिकामा अन्यत्र र प्रचलित कानुनले प्रयोगशालाले गर्ने भनी तोकिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रयोगशालाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिरामी वा कुनै व्यक्ति वा निजको आधिकारिक प्रतिनिधिले चिकित्सक वा स्वास्थ्यकर्मीले जारी गरेको सिफारिस/प्रेस्क्रिप्सन सहित परीक्षण आफै वा नमुना (सेम्पल) पेश गरेमा सोको अभिलेख राखी सम्बन्धित शाखामा परीक्षणको लागि पठाउने,

(ख) परीक्षण सेवाको प्रकृति वा संवेदनशीलताको आधारमा शाखा तथा कर्मचारी तोक्ने,

(ग) प्रयोगशालाले उपलब्ध गराएको परीक्षण सेवाको अभिलेख राखी मासिक रुपमा एकीकृत प्रतिवेदन मन्त्रालय पठाउने,

(घ) परीक्षण सेवा शुल्क अनुसूची -१ अनुसार सङ्कलित गर्ने र रकमको मासिक विवरण तयार गरी मन्त्रालय र प्रदेश सरकारको अर्थ मन्त्रालयमा पठाउने,

(ङ) प्रदेश सरकार वा नेपाल सरकारको निर्णय बमोजिम निःशुल्क परीक्षण सेवाको अभिलेख राखी सरोकारवाला निकाय समक्ष पठाउने,

(च) परीक्षण सेवा प्रदान गर्दा प्राथमिकता निर्धारण गरी सबैलाई समान व्यवहार गर्ने,

(छ) समय-समयमा परीक्षण सेवा व्यवस्थापन समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ज) प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आवश्यकताका आधारमा प्रदेश भित्रका विभिन्न स्थानमा शाखा वा विस्तारित सेवा केन्द्र स्थापना गर्ने,

(झ) मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

१६. **परीक्षण सेवा प्रापकको जिम्मेवारीः** यस निर्देशिकामा अन्यत्र तोकिएका जिम्मेवारीका अतिरिक्त परीक्षण सेवा प्रापकको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) प्रयोगशालाले तोकेका शर्त र प्रक्रिया अपनाई परीक्षण सेवा प्राप्त गर्ने र सोको विल भरपाई लिने,

(ख) परीक्षण सम्बन्धमा प्रयोगशालालाई सहयोग गर्ने,

(ग) प्रचलित परीक्षण मापदण्ड तथा प्रोटोकलको पालना गर्ने,

(घ) परीक्षण सेवाका सम्बन्धमा कुनै गुनासो भए रीतपूर्वक प्रयोगशालामा मौखिक वा लिखित रूपमा जानकारी गराउने,

(ङ) प्रयोगशालाले समय-समयमा र प्रचलित कानुनले तोकेका जिम्मेवारी र कर्तव्यको पालना गर्ने।

१७. **खाता तथा खाता सञ्चालनः** प्रयोगशालाले यस निर्देशिका बमोजिम प्रदान गरेको परीक्षण सेवा वापत प्राप्त हुने सेवा शुल्कको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

१८. **बजेटको व्यवस्था गर्नुपर्नेः** (१) प्रयोगशालाले यस निर्देशिका बमोजिमको परीक्षण सेवा वापत लाग्ने खर्च व्यवस्थापनको लागी प्रदेश सरकारले बजेट विनियोजन गर्नु पर्नेछ |

(२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै संघ/संस्थाबाट प्रयोगशालाको परीक्षण सेवाका लागि प्राप्त भएको रकम प्रयोगशालाले विविध खातामा जम्मा गर्नु पर्नेछ।

(३) प्रचलित कानुन बमोजिम नेपाल सरकारमार्फत प्रयोगशालालाई प्राप्त हुने अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त हुने रकम विविध खातामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त हुने रकम के कुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो प्रयोगशालाले सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ।

(५) विविध खाताको सञ्चालन प्रयोगशाला प्रमुख/निर्देशक र प्रयोगशालाको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

१९. **<u>विविध खाताको रकम खर्च सम्बन्धी व्यवस्था:</u>** प्रयोगशालाले दफा १८ (२) र (३) बमोजिमको विविध खातामा जम्मा भएको रकम देहाय बमोजिमको कार्यको लागि मात्र खर्च गर्नुपर्नेछः-

(क) प्रयोगशालामा आवश्यक पर्ने केमिकल रिएजेन्ट, औजार उपकरण लगायत स्वास्थ्य सामग्रीको खरिद,

(ख) प्रयोगशालामा कार्यरत प्राविधिक र अप्राविधिक कर्मचारीले परीक्षण सेवा सम्बन्धी कार्यमा अतिरिक्त समय कार्य गरे वापतको भत्ता रकम,

(ग) समितिको निर्णय बमोजिमका अन्य खर्च।

२०. **<u>निर्देशन दिन सक्ने</u>**: प्रदेश सरकार तथा मन्त्रालयले यस निर्देशिकाको कार्यान्वयनका सम्बन्धमा समिति, प्रयोगशाला र

सरोकारवाला निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

२१. **विद्युतीय प्रणालीमा आधारित अभिलेख राख्नु पर्नेः** प्रयोगशालाले यस निर्देशिका बमोजिम गरिने परीक्षण सेवा सम्बन्धी अभिलेख विवरण प्रचलित विद्युतीय प्रणालीमा राख्नु पर्नेछ।

२२. **अनुगमन सम्बन्धी व्यवस्थाः** प्रयोगशालाले परीक्षण सेवा व्यवस्थापन सम्बन्धमा आफ्नो काम कर्तव्यको पूर्ण पालना गरी सेवा प्रदान गरे नगरेको सम्वन्धमा मन्त्रालयले नियमित अनुगमन गर्नेछ।

२३. **लेखा र लेखापरीक्षणः** (१) प्रयोगशालाले यस निर्देशिका बमोजिम परीक्षण सेवा शुल्क वापत प्राप्त रकम र खाताबाट खर्च भएको रकमको प्रचलित कानुन बमोजिम लेखा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखाको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

२४. **नागरिक वडापत्र अद्यावधिक गर्नुपर्नेः** (१) प्रयोगशालाले यस निर्देशिका बमोजिम प्रयोगशालाबाट प्राप्त हुने परीक्षण सेवाका विवरण र त्यस्तो परीक्षण सेवा वापत लाग्ने शुल्क लगायत प्रचलित कानुनले तोकेका विवरण नागरिक वडापत्रमा अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक भएको उल्लिखत परिक्षण सेवा वापत लाग्ने शुल्क खुल्ने बडापत्र सर्वसाधारण सबैले स्पष्टसंग देख्ने र पढ्न सक्ने स्थानमा राख्नु पर्नेछ ।

२५. **<u>कारवाही सम्बन्धी व्यवस्थाः</u>** प्रयोगशालाले यस निर्देशिका विपरित कार्य गर्ने कर्मचारी तथा पदाधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाहीको लागि अधिकारप्राप्त निकायमा लेखी पठाउनु पर्नेछ।

२६. **<u>अनुसूचीमा परीक्षण सेवाका विवरण थपघट र हेरफेरः</u>** मन्त्रालयले यस निर्देशिकामा उल्लिखित अनुसूचीको परीक्षण सेवाका विवरण आवश्यकता अनुसार थपघट र हेरफेर गर्न सक्नेछ।

**२७.** **<u>बाधा अड्काउ फुकाउः</u>** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. **<u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस निर्देशिकामा उल्लेख भएका विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

# अनुसुची - १

## दफा १५ संग सम्बन्धीत

## प्रयोगशालाबाट प्रदान गरिने निदानात्मक परीक्षण सेवाका विवरण

### १. प्रयोगशाला निदानात्मक परिक्षण सेवा शुल्क दर

| **BIOCHEMISTRY** | |
|---|---|
| **Test Name** | **Price** |
| 24 hour Urinary Calcium | RS. 100 |
| 24 hour Urine Creatinine Clearance | RS. 50 |
| 24 hour Urinary phosphorous | RS. 100 |
| 24 hour Uric acid | RS. 100 |
| 24 hour Urine Protein | RS. 100 |
| A/G Ratio | RS. 100 |
| Acid phosphotase | RS. 200 |
| ADA (Fluid/Serum) | RS. 300 |
| Albumin | RS. 50 |
| Alkaline phosphotase | RS. 50 |
| Alpha amylase | RS. 100 |
| Bilirubin T | RS. 25 |
| Bilirubin D | RS. 25 |
| BUN | RS. 50 |
| Calcium | RS. 100 |
| Cholesterol | RS. 100 |
| CK MB | RS. 200 |
| CPK | RS. 200 |
| Creatinine | RS. 50 |
| CSF Analysis | RS. 375 |
| CSF Glucose | RS. 25 |
| CSF T.Protein | RS. 50 |
| Fluid Albumin | RS. 50 |
| Gamma GT | RS. 150 |

| | |
|---|---|
| GCT | RS. 50 |
| Globulin | RS. 100 |
| Glucose F | RS. 25 |
| Glucose PP | RS. 25 |
| Glucose R | RS. 25 |
| GTT | RS. 100 |
| GTT 100GM | RS. 100 |
| GTT 75GM | RS. 50 |
| HDL | RS.100 |
| Iron | RS. 100 |
| LDH | RS. 200 |
| LDL | RS. 300 |
| LFT | RS. 200 |
| Lipase | RS. 150 |
| Lipid profile | RS. 300 |
| Phosphorous | RS. 100 |
| RFT | RS. 300 |
| Serum Osmolality | RS. 300 |
| Serum potassium | RS. 100 |
| Serum Sodium | RS. 100 |
| SGOT | RS. 50 |
| SGPT | RS. 50 |
| TIBC(Total Iron Binding Capacity) | RS. 100 |
| Total Protein | RS. 50 |
| Triglyceride | RS. 100 |
| Troponin | RS. 600 |
| Urea | RS.50 |
| Uric acid | RS. 50 |
| Urine PCR(Spot) | RS. 200 |

| VIROLOGY | |
|---|---|
| TEST NAME | RATE |
| HIV Viral Load | Free |
| HCV Viral Load | RS. 3000 |
| HBV Viral Load | RS. 4000 |
| CD4 Count | Free |
| HIV ELISA | RS. 200 |
| HBsAg ELISA | RS. 100 |
| HCV ELISA | RS. 200 |
| HIV Rapid | RS. 200 |
| HBsAg Rapid | RS. 100 |
| HCV Rapid | RS. 250 |
| HAV Rapid | RS. 400 |
| HEV Rapid | RS. 400 |
| HBeAg | RS. 200 |
| HIV Combi | RS. 1050 |
| Anti HBS | RS. 600 |
| HBsAg ECLIA | RS. 500 |
| Anti Hbe IGM | RS. 850 |
| Anti Hbe | RS. 800 |
| HBeAg ECLIA | RS. 650 |
| Anti HCV | RS. 1050 |
| Anti HAV | RS. 850 |
| HIV western Blot | RS. 2500 |
| Anti HBC IgM (Eclia) | RS. 850 |
| Early Infantile Diagnosis (HIV) | Free |
| SARS CoV – 2 (PCR) | RS. 800 |
| Gene- Xpert (Tuberculosis) | Free |

| HAEMATOLOGY/ COAGULATION | |
|---|---|
| TEST NAME | RATE |
| CBC | RS. 200 |
| ESR | RS. 50 |
| PLATELETS | RS. 50 |
| MCV | RS. 25 |
| MCH | RS. 25 |
| MCHC | RS. 25 |
| RDW | RS. 25 |
| MP ANTIGEN RDT | FREE |
| MF (Haemoparasites) | FREE |
| Comment on PBS with CBC | RS. 250 |
| Reticulocytes count | RS. 50 |
| HbA1C | RS. 550 |
| Protein Electrophoresis | RS. 900 |
| Hb Electrophoresis | RS. 800 |
| Sickling test | RS. 75 |
| Prothrombin time | RS. 150 |
| APTT | RS. 150 |
| D-Dimer | RS. 300 |
| FDP | RS. 300 |
| Factor VIII | RS. 800 |
| Factor IX | RS. 800 |
| BT | RS. 25 |
| CT | RS. 25 |
| Clot solubility Test | RS. 150 |
| Bone Marrow Study | RS. 200 |
| Absolute Eosinophil count | RS. 50 |
| Absolute Neutrophil count | RS. 50 |
| Factor Inhibitor Screening | RS. 400 |

| ENDOCRINOLOGY | |
|---|---|
| TEST NAME | RATE |
| Thyroid function test(TFT) | RS. 500 |
| Ferritin | RS. 900 |
| Anti TPO | RS. 600 |
| Vitamin D-25 | RS. 1500 |
| Vitamin B12 | RS. 1000 |
| Prolactin | RS. 500 |
| Cortisol | RS. 600 |
| Estradiol | RS. 350 |
| Folic Acid | RS. 900 |
| FSH | RS. 500 |
| LH | RS. 500 |
| Testosterone | RS. 600 |
| Growth Hormone | RS. 600 |
| Thyroglobulin | RS. 500 |
| TSH | RS. 250 |
| Double Marker (Pregnancy) | RS. 2200 |
| Triple Marker (Pregnancy) | RS. 2500 |

| IMMUNOLOGY | |
|---|---|
| TEST NAME | RATE |
| RA Factor | RS. 75 |
| CRP | RS. 100 |
| ASO TITRE | RS. 100 |
| VDRL | RS. 50 |
| Brucella | RS. 100 |
| K-39 | RS. 300 |
| Blood Grouping & Rh | RS. 50 |
| H.Pylori | RS. 300 |
| Scrub Typhus Rapid | RS. 500 |
| Urine Preganacy Test | RS. 100 |
| TPHA | RS. 100 |

| | |
|---|---|
| PSA | RS. 400 |
| TORCH | RS. 1000 |
| ANA | RS.300 |
| Anti DS DNA | RS. 300 |
| CA 125 | RS. 400 |
| CEA | RS. 400 |
| CA 15.3 | RS. 500 |
| CA 19.9 | RS. 500 |
| Alpha feto Protein | RS. 300 |
| Beta HCG | RS. 500 |
| Anti CCP | RS. 1300 |
| Dengue Test | RS. 800 |
| Blood grouping by gel card | RS. 250 |

| **MICROBIOLOGY** | |
|---|---|
| TEST NAME | RATE |
| Blood culture | RS.125 |
| Urine C/S | RS.125 |
| Sputum C/S | RS.125 |
| Pus C/S | RS.125 |
| Throat swab C/S | RS.125 |
| Stool C/S | RS.125 |
| Body Fluid C/S | RS.125 |
| Fungal C/S | RS.125 |
| Water Bacteriology | RS.300 |
| Gram stain | RS.25 |
| AFB stain | free |
| KOH Preparation | RS.25 |
| Leptospira | RS.400 |
| Widal Test | RS.100 |
| Albert stain | RS.25 |
| Indian INK | RS.25 |
| Urethral swab C/S | RS.125 |

| | |
|---|---|
| Wound C/S | RS.125 |
| Ear swab C/S | RS.125 |
| Eye swab C/S | RS.125 |
| Tissue C/S | RS.125 |
| Blood C/S (Automated) | RS. 250 |
| Automated C/S (Urine/ stool / sputum / Body fluid) | RS. 250 |
| MALDI – TOF | RS. 500 |
| VITEK | RS. 1000 |
| **PARASITOLOGY** | |
| TEST NAME | RATE |
| Urine R/E | RS. 25 |
| Stool R/E | RS. 25 |
| Stool occult blood | RS. 25 |
| Acetone | RS. 25 |
| Microalbumin | RS. 500 |
| Bence Jonce | RS. 50 |
| Reducing Sugar | RS. 50 |
| Urine R/E Automated | RS. 75 |

| **IMMUNOHISTOCHEMISTRY** | |
|---|---|
| TEST NAME | RATE |
| Adeno vs squamous cells carcinoma basic panel P63, TTF-1, Napsin A | RS. 3000 |
| Adeno vs squamous cell carcinoma Extended panel P63,TTF-1, CK5/6, CK7, Napsin A TTF, CK7, Chromogranin | RS. 4000 |
| Poorly differentiated carcinoma panel CK7, TTF-1, Napsin A, P63, CK5/6 Chromogranin | RS. 3500 |
| Individual Marker | |
| P63 | RS. 1000 |
| TTF-1 | RS. 1000 |
| CK5/6 | RS. 1000 |
| CK7 | RS. 1000 |

| | |
|---|---|
| Chromogranin | RS. 1000 |
| CK20 | RS. 1000 |
| Napsin A | RS. 1000 |

| **HISTOPATHOLOGY** | |
|---|---|
| TEST NAME | RATE |
| H&E Stain Biopsy | RS. 400 |
| Pap Smear | RS. 150 |
| Giemsa Stain | RS. 50 |
| Fluid Giemsa Stain | RS. 50 |
| FNAC | RS. 200 |
| Fluid Cytology (sputum / Body fluid) | RS. 100 |
| Liquid Based Cytology | RS. 700 |

**आज्ञाले,**

**(जनार्दन पन्थी)**

**प्रदेश सचिव**

प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय